# धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसुचि-१४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

## आ. ब. २०७९/८० को चौथो त्रैमासिक अवधिको प्रतिवेदन (२०८० वैशाख, जेष्ठ र अषाढ)

(मिति २०८०/०४/३० गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित)

### १. वित्तीय विवरण :

क. यस कम्पनीको आर्थिक वर्ष २०७९/८० को चौथो त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात, नाफा– नोक्सान सम्बन्धि हिसाब विवरण धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को प्रावधान वमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि प्रकाशन गरिएको छ ।

ख. प्रमूख वित्तीय अनुपातहरुः

| | | |
|---|---|---|
| १. प्रति शेयर आम्दानी | : | रु. २७.१७ |
| २. पी. ई. अनुपात | : | ८२.७४ |
| ३. प्रति शेयर नेटवर्थ | : | रु. १३८.०० |
| ४. तरलता अनुपात | : | १०.८८ |

### २. व्यवस्थापकीय विश्लेषण तथा थप कार्ययोजनाहरु :

क. कम्पनीबाट उत्पादनको क्रममा निस्कने Effluent लाई कानूनी मापदण्ड भन्दा पनि अझ बढि प्रभावकारी रुपमा व्यवस्थापन गर्दै जाने उद्देश्यले यस उद्योगमा Zero Liquid Discharge को योजनालाई आगाडि बढाई रहेका छौं । यो योजना कार्यन्वयनमा आए पछि कम्पनीबाट उत्पादन हुने Grain Sludge, लेदोको रुपमा उत्पादन भई बिक्री भईरहेकोमा सो लेदो Dry भएर उत्पादन हुने र यसलाई Semi Liquid को सट्टा Dry Cakes को रुपमा बिक्री वितरण गर्दा कम्पनीको आय अपेक्षाकृत रुपमा वृद्धि हुने देखिएको छ ।

ख. यस कम्पनीले मदिराको कच्चा पदार्थको रुपमा प्रयोग हुने स्प्रिट समेत उत्पादन गर्दै आएकोमा उक्त स्प्रिट उत्पादन गर्ने प्लान्ट तथा मेसिनरीहरु धेरै वर्ष पुराना भएकाले मर्मत संभारमा अधिक समय एवं लागत लागी सञ्चालन भईरहेको छ । यसबाट उत्पादित वस्तुको उत्पादन लागत समेत बढि हुन गएकोले उत्पादन लागत न्यूनिकरण गरी स्तरीय उत्पादकत्व बृद्धि गर्न र Consistent Quality को स्प्रिट उत्पादन गर्नका लागी Plant Automation योजनालाई कार्यान्वयन गर्ने लक्ष्य रहेको छ ।

ग. नेपाल भित्रै स्प्रिट म्याचुरेशन कार्य गर्न मिल्ने गरी नयाँ कानूनी व्यवस्था भईसकेकाले र विदेशबाट म्याचुरेशन भएको स्प्रिट (माल्ट) ल्याउँदा समयमा प्राप्त गर्न कठिनाई हुने, उपलब्धता समेत निश्चित नहुने एवं मूल्य समेत अधिक पर्न जाने अवस्थालाई मनन गरी नेपालमा नै Matured Spirit उत्पादन गर्नका लागि Malt Distillation Unit जडान गर्ने तयारी गरी रहेको व्यहोरा जानकारी गराउँदछौं ।

घ. हाल यस कम्पनीले Golden Oak र Black Oak नामक मदिराहरु उत्पादन गरी बजारमा बिक्री वितरण गर्दै आईरहेकोमा अहिले देशव्यापीरुपमा रहेको आर्थिक संकुचनका कारणले समग्र व्यापार व्यवसायका नै घटेकाले उपभोक्ताहरुको अत्यधिक रोजाईमा पर्न सफल भएको Golden Oak का साथै उपभोक्ताहरु माझ छुट्टै पहिचान बनाउन सफल Black Oak नामक मदिराको बिक्री गत वर्षको तुलनामा केहि न्यून हुन गएको छ ।

ङ. कम्पनीबाट उत्पादन भएका उपभोक्ताका माझ पहिचान बनाई सकेका उत्पादनहरुको बिक्री वितरण तथा उपभोगमा प्रभाव पार्ने उद्धेश्य राखी कम्पनीले प्रयोग गरे जस्तै देखिने/झल्काउने गरी लेवल बोतलको प्रयोग गर्ने, त्यस्तै बोतलको आकार प्रकारमा पेट बोतल प्रयोग गरी न्यून शक्तिका मदिराहरु उत्पादन गरेर बिक्री वितरण गर्ने कार्य भने यस अवधिमा पनि पाईएको छ । यस्तो कार्यलाई निरुत्साहित गर्नका लागि स्वयं उपभोक्ताहरु पनि सचेत हुनु पर्ने अवस्था रहेको कम्पनी व्यवस्थापनले देखेको छ ।

च. यस प्रतिवेदन अवधिमा देश कोभिड महामारीको प्रभावबाट मुक्त भए लगत्तै आर्थिक संकुचनको मारबाट ग्रसित हुन पुगेको छ । आर्थिक संकुचनका कारणले घटेको व्यापारका साथै नेपाल सरकारले बजेट मार्फत् गरेको अन्तः शुल्क बृद्धि, तरलता संकुचन, कच्चा पदार्थको लागतमा बृद्धि, ब्याजदरमा उच्च बृद्धिका साथै उच्च प्रतिस्पर्धाको अवस्था जस्ता कारणले सम्पूर्ण अर्थतन्त्रमा असर पर्दा यस कम्पनीको व्यवसायमा पनि असर परेको महसुस गरेका छौं । यि यावत कारणहरुले गर्दा गत वर्षको यसै अवधिको तुलनामा यस वर्षको कुल बिक्रि २५.४३ प्रतिशतले घट्न गएको छ । यस्तो विषम परिस्थितिमा कम्पनिले वित्तीय खर्च बाहेक अरु सबै खर्चहरुमा हरसम्भव मितब्ययिता अपनाय पनि कुल बिक्री नै घट्न गएको हुँदा गत वर्षको भन्दा खुद मुनाफामा ह्रास आएको छ ।

छ. कम्पनीको व्यवसाय वृद्धि, उपभोक्ताको चाहना र बजारको स्थितिलाई मध्यनजर गरी White Liquor Segment मा मदिरा उत्पादन गरी छिट्टै बजार मा ल्याउने लक्ष्यका साथ कार्य गरि रहेका छौं ।

### ३. कानूनी कारवाही सम्बन्धी विवरण :

क. यस कम्पनीलाई विपक्षी बनाई श्रम अदालत काठमाडौंमा केहि व्यक्तिले नियुक्ती पाऊँ भनी कीर्ते जालसाजी कागज बनाई मुद्धा दायर गरेकोमा सो विषयमा सम्मानित जिल्ला अदालत पर्साबाट आम्सीक वादी दावी पुग्ने ठहराई फैसला भएकोमा सो फैसला उपर कम्पनीले उच्च अदालत, जनकपुरको अस्थायी ईजलास बिरगन्जमा पुनरावेदन गरेको थियो । सम्मानित उच्च अदालत, जनकपुर अस्थायी ईजलासबाट समेत जिल्ला अदालतले गरेको फैसलालाई नै सदर हुने गरी निर्णय आएको । सोही मुद्धा सँग सम्बन्धित विषय श्रम अदालत काठमाडौंमा मुलतवी रहेकोमा सो जागी तहाँबाट निवेदकहरुको पक्षमा निर्णय प्राप्त भएको छ । सो निर्णय उपर चित्त नबुझि कम्पनीले सम्मानित सर्बोच्च अदालतमा उत्प्रेशण लगायतको आदेश जारी गरी पाउन रिट निवेदन दायर गरेकोमा श्रम अदालतको फैसलालाई कार्यान्वयन नगर्न रिट जारी भएको हुनाले उक्त मुद्दा यस अवधिमा समेत सम्मानित सर्वोच्च अदालतमा विचाराधिन अवस्थामा नै रहेको छ ।

ख. आर्थिक ऐन २०७७ ले अन्तः शुल्क ऐन, २०५८ को दफा ४(ङ) मा कायम गरिएको संशोधित दफा "मदिरा, बियर वा सूर्तिजन्य पदार्थ सम्बन्धी उद्योग र त्यस्तो वस्तुको पैठारीकर्ता तथा तिनका बिक्रेताले कुनै पनि प्रकारको उपहार कार्यक्रम सञ्चालन गर्न वा त्यस्ता उद्योगले ..........त्यस्तो उत्पादन बिक्री गर्दा छुट दिन पाइने छैन" भन्ने व्यवस्था उपर यस कम्पनीले मुल्य अभिवृद्धि कर विजकमा छुट दिन पाउने कि नपाउने ? भनी आन्तरिक राजश्व विभागका महानिर्देशक समक्ष पूर्वादेश माग गरेकोमा अन्तः शुल्क ऐनको उल्लेखित संसोधित व्यवस्थामा निहित भएर मात्र पूर्वादेश प्राप्त भएकोले सो पुर्वादेश उपर चित्त नवुझि श्री राजश्व न्यायधिकरण, काठमाडौंमा पुनरावेदन गरिएको । सो पुनरावेदनमा त्यहाँबाट यस उद्योगले माग गरेको मुल्य अभिवृद्धि कर ऐन तथा नियमावलीको व्यवस्था अनुसार छुट पाउने नपाउने सम्बन्धमा केहि नबोली भएको निर्णय त्रृटिपुर्ण देखिँदा वदर गरी निवेदकको पूर्वादेश माग गरेका सबै विषयमा जे जो गर्नु पर्ने गरी पूर्वादेश सम्बन्धि निर्णय गर्नु भनी आन्तरिक राजश्व विभागमा नै फाईल फिर्ता गरेको विषयमा समेत हाल सम्म कुनै निर्णय प्राप्त नभएको जानकारी गराउँदछौं ।

ग. आ.व. २०६१/०६२ को अवधिको मु.अ.कर, अन्तः शुल्क र आयकर सम्वन्धमा सम्मानित सर्वोच्च अदालतबाट फैसलाको लिखित प्रति प्राप्त भएको छ । अन्तः शुल्क सम्वन्धमा यस कम्पनीको माग बमोजिम नै फैसला प्राप्त भएको, मु.अ.कर र आयकरको हकमा केहि विषयमा कम्पनीको माग बमोजिम र केही विषयमा विरुद्धमा फैसला प्राप्त हुन आएकाले कम्पनीले लिएका दावी विरुद्धमा आएको फैसला उपर न्यायिक पुनरावलोकन गर्ने तयारी भईरहेको छ ।

घ. २०६८ श्रावण को मु.अ.कर सम्बन्धमा अन्तिम कर निर्धारण आदेश तथा आ.व. २०७२/०७३ को आय विवरण उपर ठूला करदाता कार्यालयबाट कर परीक्षणको सिलसिलामा उठान गरेको मु.अ.कर सम्बन्धी विषयमा चित्त नबुझि आन्तरिक राजश्व विभागमा प्रशासकीय पुनरावलोकन गरिएकोमा सो विषयहरुमा यस त्रैमासिक अवधि सम्म पनि निर्णय भएको जानकारी प्राप्त भएको छैन ।

ङ. कम्पनीको आ.व.२०७४/०७५ को आय विवरण उपर आयकर ऐन, २०५८ को दफा १०२ वमोजिम कर निर्धारण गरी संसोधित कर निर्धारण आदेशहरु प्राप्त भएकोमा सो निर्धारण आदेशवाट लगाएको सोही ऐनको दफा ११७ वमोजिमको शुल्क, दफा ११८ वमोजिमको व्याज र दफा १२० वमोजिमको शुल्क उपर चित्त नवुझि आयकर ऐन,२०५८ को दफा ११५ वमोजिम प्रशासकीय पुनरावलोकन गरिएको छ ।

च. कम्पनी व्यवस्थापनले अनुसाशन सम्वन्धि कारवाहि गरी मिति २०७४/०१/२० देखि लागु हुने गरी सेवावाट हटाईएका ६ जना श्रमिक मध्ये ४ जनाले श्रम तथा रोजगार कार्यलय, विरगन्ज पर्सामा नियमानुसार पाउनु पर्ने पारिश्रमिक, उपदान, वोनस, विमा, विदाको रकम र अन्य हरहिसावहरु नपाएकाले उपलब्ध गराउन निवेदन दिएकोमा सम्वन्धित श्रम तथा रोजगारदाता कार्यालय, विरगन्ज पर्साले यस कम्पनीसंग उल्लेखित विषयमा सत्य तथ्य खुलाउन लगाई र सो विषयमा दुवै पक्षहरुलाई रोहवरमा छलफल गरी निजहरुको निवेदकका माग वमोजिम पारिश्रमिक, वोनस, विमा, विदाको रकम र अन्य हरहिसवाहरु भुक्तानी गर्न बाँकी नदेखिएको साथै उपदानको हकमा साविक श्रम नियमावली, २०५० को नियम २३ को उपनियम (३) (१) जे सुकै लेखिएको भए पनि कुनै कामदार वा कर्मचारीलाई ऐनको दफा ५४ को उपदफा (४) वा दफा ५४ वमोजिम कारवाहि गरी सेवावाट हटाईएमा त्यस्तो कामदार वा कर्मचारीले त्यस नियम वमोजिम उपदान पाउने छैन भनी लेखि दिएकोमा निवेदकहरुले उपदान पाउनु पर्ने अवस्था नरहेको देखिन्छ भनी मिति २०८०/०१/१० मा निर्णय समेत गरेको र सो निर्णयका विरुद्धमा श्रम अदालतमा पुनरावेदन परेको जानकारी प्राप्त भएको छ ।

छ. उपरोक्त विषय बाहेक यस त्रैमासिक अवधिमा कम्पनी, यसका संचालक, संचालक समिति विरुद्ध कोहि कसैले कुनै किसिमको मुद्धा दायरा गरेको जानकारी कम्पनीमा प्राप्त हुन आएको छैन ।

### ४. यस संस्थाको शेयर कारोवार सम्बन्धी विवरण :

क. खुला बजारको नीति, मूल्य र मान्यता अनुरुप कम्पनीको शेयर कारोवार हुने गरेको छ ।

ख. यस चौथो त्रैमासिक अवधिमा कम्पनीको शेयर कारोवार तपशिल अनुसार भएको देखिन्छ ।

(श्रोतः www.nepalstock.com.np)

| | |
|---|---|
| अधिकतम् मूल्य | रु. २,५१०.०० |
| न्यूनतम् मूल्य | रु. १,८२०.०० |
| कारोबार दिन | ६२ |

### ५. समस्या तथा चुनौति :

यस अवधिमा कम्पनीले भोगेका समस्या तथा चुनौतीहरु तपशिल बमोजिम रहेका छन् ।

क. विश्वमा नै आर्थिक शिथिलताको अवस्था देखिँदा सो को प्रभाव नेपालमा अझ बढि देखा परेको छ । आर्थिक गतिविधिलाई चलायामान बनाउने क्रियाकलापहरु प्राय घटिरहेका छन् । समग्र उद्योग व्यवसायहरुको व्यापारमा नकारात्मक असर परिरहेको यस्तो स्थीतिमा मदिरा व्यवसाय पनि अछुतो र हन सकेको छैन । विशेष गरी व्यवसायमा चालु पूँजीको अभाव, बैंकले प्रवाह गर्ने ऋण रकम उपलब्ध गराउने कार्यमा ढिलाई, ब्याजदरमा उच्च बृद्धि, बजारमा उच्च प्रतिस्पर्धाको अवस्था, व्यवसायमा लगानी कम जस्ता कारणवाट समग्र उद्योग व्यवसायको नै कारोवार घट्न गएको छ ।

ख. विदेशी विनिमय दरमा भएको उतार चढावले नेपाली रुपैयाँको सटही दरमा ह्रास हुन गएकोले तेस्रो मुलुकबाट आयात गरिने कच्चा पदार्थहरुको मूल्य स्वभाविक रुपमा बढ्न गएर यसले उद्योगबाट उत्पादन हुने वस्तुको लागत मूल्यमा समेत प्रभाव पर्न गएको छ । साथै नेपाल सरकारले बजेट मार्फत् अन्तः शुल्क दरमा वृद्धि गरेकोले मदिराको मुल्य वृद्धि हुन गएको छ भने देशमा आर्थिक संकुचनको प्रभावले आर्थिक गतिविधि नै घटेकाले उपभोक्ताको क्रय शक्तीमा ह्रास आउँदा पनि व्यवसायको कारोवार घट्न गएको छ ।

ग. बजारमा यस कम्पनीले उत्पादन गरी बिक्री वितरण गरेका Golden Oak र Black Oak मदिराको बिक्री वितरणलाई प्रभाव पार्न र उपभोक्तालाई भ्रममा पारी आफूलाई आर्थिक फाईदा लिनका लागि केहि उद्योगले यस कम्पनीको जस्तै लेवल, बोतल प्रयोग गरी कम शक्ति र कम गुणस्तरमा मदिरा उत्पादन तथा विक्री वितरण गर्ने कार्य गरेवाट यस कम्पनीका उत्पादनको बिक्री वितरणमा प्रभाव परेको छ ।

### ६. संस्थागत सुशासन :

स्वतन्त्र रुपमा लेखा परीक्षक नियुक्त गरी लेखा परीक्षण गर्ने कार्यलाई अघिल्ला त्रैमासिकमा जस्तै यस त्रैमासिक अवधिमा पनि निरन्तरता दिएको, कारखानामा उत्पादन हुने बस्तुहरु अन्तः शुल्क ऐन, नियमावली, निर्देशिका, मदिरा ऐन, नियम बमोजिम आम्दानी तथा खर्च लेखि दैनिक रुपमा खटिएका अन्तः शुल्क निरिक्षकको प्रत्यक्ष निगरानीमा कार्य गर्दै आएको, समय समयमा तालिका बनाई आन्तरिक रुपमा पनि उत्पादन, बिक्री विरतणको परिमाण, मौज्दात सामानहरु लगायत कच्चा पदार्थहरुको पनि निरिक्षण एवं विश्लेषण गर्ने गरिएको, कम्पनीको आर्थिक कारोबारलाई व्यवस्थित, मर्यादित र पारदर्शि बनाउने कार्यमा अनलाईन बिलिङ्ग पद्धती, खरिद गरिने वस्तुहरुको कोटेशन माग गर्ने, मुल्य र सामानको गुणस्तर आदिको अध्ययन, अनुशन्धान, परीक्षण आदि गरेर मात्र गर्ने गरेका छौं । उद्योग रहेको क्षेत्र, स्थानिय निकायहरु सँगको सम्बन्ध सुमधुर कायम राख्न र वातावरण मैत्री कार्य गर्नका लागि उद्योग सदैव सचेत रहेको, कारखानाको उत्पादकत्वमा वृद्धि र गुणस्तर कायम गर्नका लागि र उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको गुणस्तर, मूल्य आदिलाई सुक्ष्म रुपले अध्ययन गर्ने कार्य गर्ने गरिएको साथै सके सम्म गुणस्तरलाई ध्यानमा राखी खरिद गर्ने वस्तुको मूल्यलाई सके सम्म व्यवस्थित गर्दै गई रहेको हुनाले कम्पनीको आर्थिक अवस्था सुदृढ हुन जानेमा विश्वस्त रहेका छौं । यस उद्योगले संस्थागत सामाजिक उत्तरदायित्व सम्वन्धमा निर्वाह गर्नु पर्ने कर्तव्यलाई ध्यानमा राखी आवश्यक एवं गर्नु पर्ने कामको पहिचान गरी प्रस्तुत शिर्षक अन्तर्गत छुट्याईएको रकमबाट ऐन, नियमले निर्देशन गरेका शिर्षकमा अधिकतम् कार्य गर्ने प्रयास गरिएको जानकारी गराउँदछौं ।

### ७. सत्य तथ्य सम्बन्धमा प्रमूख कार्यकारी अधिकृतको उद्घोषण:

प्रस्तुत अवधिको प्रतिवेदनमा उल्लेखित विवरणहरुको स्पष्टता र सत्यता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन चाहन्छु । मैले जाने बुझे सम्म यस प्रतिवेदनका विवरणहरुमा कुनै पनि सत्य, तथ्य लुकाईएको छैन । कम्पनीले आफ्ना लगानीकर्ताहरुलाई सू–सूचित गराउनका लागि सम्पूर्ण आर्थिक विवरण तथा जानकारीहरु पारदर्शिताका साथ यस प्रतिवेदनमा प्रस्तुत गरिएको व्यहोरा समेत यहाँहरु समक्ष अवगत गराउँदछु ।

### Unaudited Statement of Financial Position for the Quarter Ended on 31st Asadh 2080

| Particulars | This Quarter End (Rs.) | Previous Quarter End (Rs.) | Corresponding Previous Year Quarter End (Audited) (Rs.) |
|---|---|---|---|
| **ASSETS** | | | |
| **NON-CURRENT ASSETS** | | | |
| a) Property, plant and equipment | 457,177,315 | 464,393,767 | 497,483,671 |
| b) Capital work-in-progress | 34,743 | - | - |
| c) Intangible assets | 1,007,566 | 733,296 | 866,938 |
| d) Right to use assets | 2,116,239 | 8,839,112 | 11,477,106 |
| e) Investments | 101,100,000 | 101,100,000 | 101,100,000 |
| f) Other non-current assets | 37,548,142 | 37,548,142 | 20,193,142 |
| **Total Non-Current Assets** | **598,984,006** | **612,614,317** | **631,120,858** |
| **CURRENT ASSETS** | | | |
| a) Inventories | 448,040,101 | 376,505,316 | 207,327,472 |
| b) Financial assets | | | |
| Trade receivables | 1,968,209,021 | 2,636,332,473 | 1,150,583,354 |
| Cash and cash equivalents | 471,051,523 | 278,974,840 | 1,116,268,777 |
| c) Other current assets | 179,842,039 | 148,359,437 | 87,088,062 |
| **Total current assets** | **3,067,142,683** | **3,440,172,066** | **2,561,267,664** |
| **TOTAL ASSETS** | **3,666,126,689** | **4,052,786,383** | **3,192,388,522** |
| **EQUITY AND LIABILITIES** | | | |
| **EQUITY** | | | |
| a) Equity | | | |
| Share capital | 2,429,566,650 | 2,429,566,650 | 1,518,479,156 |
| b) Other equity | | | |
| Reserves and surplus | 923,312,871 | 839,883,980 | 1,326,130,673 |
| **Total Equity** | **3,352,879,521** | **3,269,450,630** | **2,844,609,829** |
| **NON-CURRENT LIABILITIES** | | | |
| a) Financial liabilities | | | |
| Borrowings | - | - | - |
| Lease Payables | 1,742,797 | 6,424,036 | 9,138,595 |
| b) Deferred tax liabilities | 29,499,717 | 28,276,104 | 32,397,515 |
| **Total Non-Current Liabilities** | **31,242,514** | **34,700,140** | **41,536,110** |
| **CURRENT LIABILITIES** | | | |
| a) Financial Liabilities | | | |
| Borrowings | - | - | - |
| Trade payables | 118,833,587 | 255,146,821 | 3,100,775 |
| Other financial liabilities | 43,806,381 | 201,341,995 | 78,285,481 |
| Lease Payables | 678,287 | 3,558,880 | 44,099,727 |
| b) Other current liabilities | 114,210,138 | 285,015,576 | 177,060,971 |
| c) Current tax liabilities (net) | 4,476,261 | 3,572,341 | 3,695,629 |
| **Total Current Liabilities** | **282,004,654** | **748,635,613** | **306,242,583** |
| **TOTAL EQUITY AND LIABILITIES** | **3,666,126,689** | **4,052,786,383** | **3,192,388,522** |

### Unaudited Statement of Profit or Loss and Other Comprehensive Income for the Quarter Ended on 31st Asadh 2080

| Particulars | Upto This Quarter (Rs.) | Upto Previous Quarter (Rs.) | Corresponding Previous Year Quarter End (Audited) (Rs.) |
|---|---|---|---|
| Gross Revenue from Operations | 6,389,911,074 | 5,129,753,298 | 8,568,822,820 |
| Less: excise duties | 2,684,274,965 | 2,139,476,815 | 3,523,909,081 |
| Less: VAT | 735,122,513 | 590,148,609 | 985,793,777 |
| Less: cost of goods sold | 1,027,413,507 | 817,645,055 | 1,346,817,677 |
| Less: manufacturing expenses | 167,891,158 | 131,986,517 | 225,547,657 |
| **Gross profit** | **1,775,208,930** | **1,450,496,300** | **2,486,754,628** |
| Other operating income | 12,020,397 | 8,138,042 | 5,339,132 |
| **Total income from operations** | **1,787,229,327** | **1,458,634,343** | **2,492,093,760** |
| Employee benefit expenses | 229,782,466 | 184,864,149 | 310,158,478 |
| Administration and other expenses | 79,368,648 | 53,802,486 | 78,468,637 |
| Selling and distribution expenses | 527,836,325 | 397,411,259 | 626,746,744 |
| **Operating profit** | **950,241,889** | **822,556,449** | **1,476,719,901** |
| Depreciation and amortisation | 51,916,562 | 40,937,213 | 54,828,501 |
| Finance costs | 4,510,304 | 2,445,883 | 2,156,551 |
| **Profit before tax** | **893,815,023** | **779,173,354** | **1,419,734,848** |
| Income tax expenses | 233,697,415 | 202,484,629 | 362,794,362 |
| **Profit for the year** | **660,117,608** | **576,688,725** | **1,056,940,486** |
| **Other comprehensive income** | | | |
| **Items that will not be reclassified to profit or loss:** | | | |
| (i) Remeasurements of Defined Benefit Obligations | - | - | - |
| (ii) Income tax credit/(charge) relating to these items | - | - | - |
| **Other comprehensive income** | - | - | - |
| **Total comprehensive income for the year** | **660,117,608** | **576,688,725** | **1,056,940,486** |
| **Earning per equity share (face value of Rs. 100 each)** | | | |
| Basic EPS* | 27.17 | 31.65 | 43.50 |
| Diluted EPS* | 27.17 | 31.65 | 43.50 |

### Other Financial Ratios

| | | | |
|---|---|---|---|
| PE Ratio | 82.74 | 63.51 | 78.38 |
| Net Worth Per Share | 138.00 | 134.57 | 187.33 |
| Liquidity Ratio | 10.88 | 4.60 | 8.36 |

**Notes:**

- Account heads have been re-grouped/re-classified wherever necessary so as to comply with the Nepal Financial Reporting Standards (NFRS)
- EPS has been annualized wherever necessary
- Corresponding Previous Year's Basic & Diluted EPS has been restated to reflect the effect of issuance of Bonus Shares

**हिमालयन डिष्टिलरी लिमिटेड**, विरगञ्ज महानगरपालिका वडा नं. – २१, लिपनि विर्ता, पर्सा, नेपाल